# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपालद्धारा UNESCAP र Ministry of Foreign Affairs, Republic of Korea ले दक्षिण कोरियाको इन्चेनमा आयोजना गरेको Financing for Development in Asia and the Pacific कार्यक्रमलाई सम्बोधन



गभर्नर डा. चिरंजीबि नेपाल UNESCAP र Ministry of Foreign Affairs, Republic of Korea ले मार्च ३०, २०१६ देखि मार्च ३१, २०१६ सम्म दक्षिण कोरियाको इन्चेनमा आयोजना गरेको Financing for Development in Asia and the Pacific कार्यक्रममा सहभागि हुनुभयो ।

उक्त अवसरमा उहांले आज Financial Inclusion in Asia and Pacific बिषयमा Panelist को रुपमा सम्बोधन गर्दै नेपालमा वित्तीय समावेशीकरणको वर्तमान अवस्था, यस सम्बन्धमा विगतमा तथा हाल लिइएका नीति तथा कार्यक्रमहरु, वित्तीय समावेशीकरणका सन्दर्भमा नेपालका प्राथमिकता एवं चुनौतीहरुका बारेमा प्रकाश पार्नुभयो ।

गभर्नर डा. नेपाललाई सहभागिहरुबाट सोधिएको जिज्ञासालाई सम्बोधन गर्ने क्रममा उहांले वित्तीय समावेशीकरणको विकास समग्र आर्थिक विकासको स्तरले पनि निर्धारण गर्ने कुरा बताउनुभयो ।




विभिन्न देश तथा संस्थाहरुका उच्च तहका १५० भन्दा बढी प्रतिनिधिहरुको सहभागितामा दुई दिनसम्म चलेको उक्त कार्यक्रममा regional tax cooperation; capital markets, securities commissions and regulations in Asia and the Pacific; financing for infrastructure development; climate finance; South-South cooperation and triangular development cooperation with a focus on the countries with special needs लगायतका बिषयमा समेत छलफल भएको थियो ।

गभर्नर डा. नेपालका साथ गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाश कुमार श्रेष्ठ समेत सहभागी हुनुहुन्छ । गभर्नर डा. नेपाल चैत २० गते स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

२०७२ चैत १८ गते बिहिबार
गभर्नरको कार्यालय